# औरही नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
औरही, महोत्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०७९/०८०
**चलानी नं. :-**

प्रथम पटक प्रकाशित सूचना
मिति २०८०/०३/२२ गते

**विषय :- हटिया बट्टीको शिलबन्दी बोलपत्र आह्वानको सूचना ।**

स्थानिय सरकार संचालन ऐन, २०७४ बमोजिम लिन पाउने नगरपालिका क्षेत्र भित्र हटिया बजारको बट्टी असुल कार्यको ठेक्का आ.व.२०८० श्रावण १ गते देखि २०८१ अषाढ मसान्त सम्म १ वर्षको लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले उक्त ठेक्का लिन ईच्छूक व्यक्ति, फर्म, संघ संस्थाले निम्न शर्त बन्देजको अधिनमा रही रित पूर्वक सिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशन गरिएको छ । यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र रु.१,०००।- (अक्षरुपी एक हजार मात्र) फिर्ता नहुने गरी बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

निम्न

| वडा नं | हाट बजार | कबोल रकम रु | धरौटी रकम रु. ५% | कैफियत |
|---|---|---|---|---|
| ४ | कठुधार बजार | १,५०,०००। | ७,५००। | |
| ५ | श्रीपुर धर्मशाला निरको बजार | १,६०,०००। | ८,०००। | |
| ७ | भोइल बजार | १,५०,०००। | ७,५००। | |
| ८ | टिमकिया बजार | ३०,०००। | १,५००। | |

शर्तहरु :-

१. आ.व.२०८०/०८१ का लागि ठेक्का रकम भन्दा माथि सबै भन्दा कबोल गर्ने सारभुत रुपमा प्रभावग्राही बोलपत्र दातालाई नियमानुसार एक वर्षका लागि दिई भलन गर्न दिईनेछ ।
२. नगरपालिकालाई तिर्न बक्यौता रहेको, पेश्की तथा बेरुजु रहेको, नगरपालिकाको कालो सुचीमा राखी सेवा रोक्का व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यहरुले लिन पाउने छैन ।
३. प्राप्त बोलपत्रहरु यो सुचना प्रकाशित भएको मिति देखि १५ दिन भित्र मिति २०८० श्रावण ०५ गते दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ ।
४.बोलपत्र दिने व्यक्ति नेपाली नागरिक ५ प्रतिशत दरले बोलपत्र अंकको धरौटी रकम यस न.पा.को सिटिजन्स बैंकमा रहेको धरौटी खाता हि.नं.०६६०१०००००१२४२०१ मा जम्मा गरि सोको सक्कलै भौचर यस कार्यालयको धरौटी खातामा जम्मा गर्नु पर्ने छ ।
५. बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आँशिक स्वीकृत गर्ने सर्बाधिकार न.पा.कार्यालयमा सुरक्षित रहने छ ।

**निलाम्बर मिश्र**
**नि. प्रमुख प्रशासकीय अधिकृत**

Email : aurahimunmahottari@gmail.com

# औरही नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

औरही, महोत्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०७९/०८०
**चलानी नं. :-**

६. सदर हुने बोलपत्रदाताले ठेक्का अंकको दामासाहिले हुने आउने सम्पूर्ण ठेक्का रकम २ किस्तामा चुक्ता गर्नु पर्ने छ। पहिलो किस्ता रकम सम्झौता गर्दा नै अनिवार्य दाखिला गर्नु पर्ने छ। दोश्रो किस्ता रकम २०८० पुष मसान्त भित्र सम्ममा जम्मा गर्नु पर्ने छ। सो अवधि सम्म पनि ठेक्का रकम चुक्ता नगरेमा ठेकेदार र नगरपालिका बिच भएको सम्झौता स्वत भंग भएको मानी सरकारी बाँकी सरह बक्यौता रकम असुल उपर तर्फ नियमानुसार बारवाही अगाडी बढाईनेछ। आ.व.२०८०/०८१ सम्मको एक वर्ष अवधिको बाँकी किस्ता बराबर रकमको परफरमेन्स बण्ड (बैंक ग्यारेन्टी) दिनु पर्ने छ। धन तथा जेथा जमानीलाई मान्यता दिईने छैन।

७. ठेकेदारले राखेको बैंक ग्यारेण्टी रकम नगरपालिकाले जुन सुकै बखत माँग गरी आफ्नो बक्यौता रकम असुल उपर गर्ने छ।

८. ठेकेदारले ठेक्का रकम असुल उपर गर्दा सडकमा कुनै पनि प्रकारको ढाट वा अवरोधहरु राख्न पाउने छैन।

९. ठेक्का चलनको सम्बन्धमा अदालत, नगरपालिका, स्थानिय प्रशासन, नेपाल सरकारले दिएको आदेश निर्देशनको बिना शर्त पालना गर्नु गराउनु पर्ने छ। सो पालना गर्दा कुनै क्षति, हानी नोक्सानी भयो भने नगरपालिका समक्ष माँग दावी ठेकेदारले गर्न पाउने छैन।

१०. ठेक्का चलन गर्दा प्रचलित नेपाल सरकारको कानुन (संघीय, प्रदेश तथा स्थानीय सरकार) बमोजिम गर्न गराउनु पर्ने छ। सो अनुसार नगरेमा ठेकेदार नै स्वत जिम्मेवार हुनेछ।

११. ठेक्का चलन गर्दा तोकिएको दररेट भन्दा बढी रकम कुनै पनि हालतमा ठेकेदारले उठाउन पाउने छैन। न.पा.को छाप लागेको रसिद भरपाई प्रयोजनमा ल्याउनु पर्ने छ। कुनै गलत वा अवैधानिक प्रकृया अपनाएको पाएमा बढीमा ३ पटक सम्म न.पा.ले सचेत गराउने छ। सो गर्दा पनि अटेरी गरेमा न.पा.ले ठेक्का तोडी नियमानुसारको कारवाही प्रकृया अगाडी बढाउने छ।

१२. नेपाल सरकारलाई बुझाउनु पर्ने कर शुल्क दस्तुर रकम ठेकेदारले नै बुझाउनु पर्ने छ।

१३. कुनै किसिमको हडताल बन्दी चक्काजाम भएका दिनको रकम मिन्हा माग्ने पाइने छैन।

१४. स्वीकृत बोल कबोल अंकको रकम एक मुष्ट जम्मा गरेमा कबोल अंक रकमको १० प्रतिशत छुट हुने छ।

१५. ठेकेदारले न.पा.ले तोकेको दररेट ठेक्का उठाउने स्थलमा सबैले देख्ने गरी होर्डिङ बोर्ड राख्नु पर्ने छ।

१६. ठेक्का चलन गर्दा विवाद परेमा त्यसको सामाधान ठेकेदारले गर्नु पर्ने छ।

१७. ठेकेदार र नगरपालिका कार्यालय बिच विवाद उत्पन्न भएको औरही नगरपालिकाले गरेको निर्णय अन्तिम र दुवै पक्षलाई मान्य हुने छ।

१८. कुनै पनि बहाना वा कारण देखाई ठेक्का रकम मिनाहा छुट ठेकेदारले दावी वा माँग गर्न पाउने छैन।

१९. यस सुचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र नभएको कुराहरुको हकमा प्रचलित ऐन कानुन बमोजिम हुने छ।

२०. बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुने छ।

.....................
निलाम्बर मिश्र
नि.प्रमुख प्रशासकीय अधिकृत

निलाम्बर मिश्र
**नि. प्रमुख प्रशासकीय अधिकृत**

Email : aurahimunmahottari@gmail.com